कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम काम कारोवार गर्न

# एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

**NMB MICROFINANCE BITTIYA SANSTHA LIMITED**

**(साविकको क्लिन भिलेज माईक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड)**

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था)


कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं. २९, मिलन चोक

फोन नं: ९७७-०६१-४००४२७/४००४७७ फ्याक्स नं: ९७७-०६१-४००४२८

URL: www.nmbmicrofinance.com Email: info@nmbmicrofinance.com


**को**

चुक्ता पूँजी रु.४६,०००,०००/- को १: १.२को अनुपातमा (अर्थात् विद्यमान १० कित्ता शेयर बराबर नयाँ १२ कित्ता शेयरको दरले) शेयरधनीहरुलाई हकप्रद शेयर निष्काशन गर्नका लागि प्रकाशित

# हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु

यस माइक्रोफाइनान्स वित्तीय संस्थाद्वारा जारी गर्न लागेको हकप्रद शेयर निष्काशनलाई इक्रा नेपाल लिमिटेडले औषत आधारहरु (Fundamentals) जनाउने "ICRANP IPO GRADE 4" प्रदान गरेको छ। [ICRANP] IPO GRADE 4 ले below-average fundamentals जनाउदँछ। ग्रेड २,३,४ मा प्रयोग गरिने + (plus) चिन्हले त्यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउदँछ।

रु. ५५,२००,००० ।– शेयर पूँजी बराबर प्रति शेयर रु.१०० ।– अंकित दरका कुल ५,५२,००० कित्ता शेयरहरुको हकप्रद निष्काशन

दरखास्तसाथ प्रति शेयर रु.१००।– को दरले माग गरिएको

## निष्काशन तथा बिक्री प्रवन्धकको उद्घोषण

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५"अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं।

धितोपत्र लगानीमा हुनसक्ने जोखिमबारे लगानीकर्ता स्वयंले विचार गर्नुपर्ने छ। यस एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्थाले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरुबारे यस विवरणको दफा २० मा उल्लेख गरिएको छ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७३/०६/११

हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति : २०७३/०८/०६

हकप्रद शेयर निष्काशन बन्द हुने मिति : २०७३/०९/१०

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

लक्ष्मी क्यापिटल मार्केट लिमिटेड

Laxmi Capital Market Limited

**(100% Subsidiary of Laxmi Bank Limited)**

**लक्ष्मी क्यापिटल मार्केट लिमिटेड**

**(नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन, लगानी व्यवस्थापन कार्य गर्न इजाजत प्राप्त)**


नयां बानेश्वर, काठमाडौं, नेपाल, फोन नं.–९७७-०१-४७८०२२२, ४७८१५८२ फ्याक्स नं.– ९७७ -१-४७८०५८३

Email : info@laxmicapital.com.np, URL: www.laxmicapital.com.np

# हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु

२. **संगठित संस्थाको नाम :** एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लि. (NMB Microfinance Bittiya Sanstha Ltd.)

३. **रजिष्टर्ड कार्यालय :** यस माइक्रोफाइनान्स वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं. २९, मिलनचोकमा रहेको छ।

४. **कारोबार स्थान:** यस माईक्रोफाइनान्स वित्तीय संस्थाको कारोवार स्थान २५ जिल्ला कास्की, पर्वत, म्याग्दी, मुस्ताङ, मनाङ, लमजुङ, गोरखा, रसुवा, नुवाकोट, दोलखा, सिन्धुपाल्चोक, रामेछाप, सोलुखुम्वु, ताप्लेजुङ , संखुवासभा, भोजपुर, ओखलढुङ्गा, खोटाङ, रुकुम, तनहुँ, धादिङ्ग, इलाम, पाँचथर, तेह्रथुम र धनकुटा जिल्ला रहेको छ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई यस माईक्रोफाइनान्स वित्तीय संस्थाले आफ्नो कार्यक्षेत्र भित्रमा शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोवार गर्न सकिनेछ।

५. **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**५.१ वित्तीय संस्थाको संक्षिप्त परिचय :**

यस माईक्रोफाइनान्स वित्तीय संस्था कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६९/०१/२० मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हो । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अनुसार मिति २०६९/११/२० मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी "घ" वर्गको वित्तीय संस्थाको हैसियतले २०६९/१२/१८ गतेदेखि बैंकिङ्ग कारोवार सञ्चालन गर्दै आएको छ।

**५.२ वित्तीय संस्थाको उद्देश्य :**

माईक्रोफाइनान्स वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार गर्ने यस माईक्रोफाइनान्स वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-

(क) वित्तीय संस्थाको निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने।

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एंव उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवम् कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने।

(ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एंव प्रबर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने।

(घ) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याई र देशको अर्थतन्त्रलाई सवल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने।

(ङ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनियता अभिबृद्धि गर्न सहयोग पुऱ्याउने।

६. **शेयर पूँजीको संरचना :**

**(क) अधिकृत पूँजी :** माइक्रोफाइनान्स वित्तीय संस्थाकोअधिकृत पूँजी रु. २०,००,००,०००/- (अक्षेरपी बिस करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले २०,००,००० (बिस लाख) थान शेयरमा विभाजन गरिएको छ।

**(ख) जारी पूँजी :** माइक्रोफाइनान्सवित्तीय संस्थाको जारी शेयर पूँजी रु. १०,१२,००,०००।– (अक्षरेपी दश करोड बाह्र लाख मात्र) रहेको छ। उक्त पूँजीलाई रु. १००।- का दरले १०,१२,००० (अक्षरेपी दशलाख बाह्र हजार) थान शेयरमा विभाजन गरिएको छ।

**(ग) चुक्ता पूँजी :** हाल माइक्रोफाइनान्स वित्तीय संस्थाको चुक्ता पूँजी रु. रु.४६,०००,०००/- (अक्षरेपी रु. चार करोड साठी लाख) रहेको छ ।

यस विवरण मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु. १०,१२,००,०००।– (अक्षेरपी दश करोड बाह्र लाख मात्र) हुनेछ ।

**७ हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजीको स्थिति :**

**क.शेयरको हकप्रद निष्काशन गर्नुपूर्व कम्पनीको चुक्ता पूँजीको संरचना**

| समूह | शेयरधनीहरु | शेयर संख्या | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ३,२२,००० | ७० | ३,२२,००,००० | १०० |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) | १,३८,००० | ३० | १,३८,००,००० | १०० |
| | **जम्मा** | **४,६०,०००** | **१००** | **४,६०,००,०००** | **१००** |

**ख. शेयरको हकप्रद निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने संस्थाको चुक्ता पूँजीको संरचना**

| समूह | शेयरधनीहरु | शेयर संख्या | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ७,०८,४०० | ७० | ७,०८,४०,००० | १०० |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) | ३,०३,६०० | ३० | ३,०३,६०,००० | १०० |
| | **जम्मा** | **१०,१२,०००** | **१००** | **१०,१२,००,०००** | **१००** |

**८. हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा र उनीहरुले लिएको शेयर संख्या तथा संस्थागत संस्थापकहरुको हकमा उक्त संस्थाको संचालकहरुको नाम तथा ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

१. माइक्रोफाइनान्स वित्तीय संस्थाको हालका शेयरधनीहरु र उनीहरुले लिएको शेयर संख्या निम्न बमोजिम रहेको छ।

| क्र.सं | शेयरधनीहरुको नाम | समूह | ठेगाना | शेयर संख्या | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | एनएमबि बैंक लि. | क | काठमाडौं ११, काठमाडौं | २,३४,६०० | २३४,६०,००० | १०० |
| २ | उत्तम भ्लोन | क | मार्खु १ मकवानपुर | ५६,९२५ | ५६,९२,५०० | „ |
| ३ | सेते भ्लोन | क | मार्खु १ मकवानपुर | ११,५०० | ११,५०,००० | ” |
| ४ | धन कुमार जोशी | क | काठमाडौं ३४, काठमाडौं | ३,४५० | ३,४५,००० | ” |
| ५ | विकास कार्की | क | पांग्रेटार ९, सिन्धुपाल्चोक | १,१५० | १,१५,००० | ” |
| ६ | समिर राना | क | काठमाडौं १४, काठमाडौं | १,१५० | १,१५,००० | ” |
| ७ | उद्धव के.सी. | क | ललितपुर ४, ललितपुर | १२,०७५ | १२,०७,५०० | ” |
| ८ | अमृत प्रसाद न्यौपाने | क | दधिकोट ५, भक्तपुर | १,१५० | १,१५,००० | ” |
| ९ | सर्वसाधारण शेयरधनीहरु( कर्मचारी सहित) | ख | | १,३८,००० | १,३८,००,००० | ” |
| | | | | **४,६०,०००** | **४,६०,००,०००** | **१००** |

उल्लेखित संस्थागत शेयरधनीहरुको अध्यक्ष लगायत संचालकहरुको परिचय देहाय बमोजिम रहेको छ :

| क्र.सं. | शेयरधनीहरुको नाम | ठेगाना | सञ्चालक |
|---|---|---|---|
| १ | उत्तम भ्लोन | मार्खु १ मकवानपुर | अध्यक्ष |
| २ | गोविन्द घिमिरे | राजविराज ६, सप्तरी | संचालक - प्रतिनिधि, एनएमबि बैंक लि. |
| ३ | महेश बज्राचार्य | काठमाण्डौ २७, काठमाण्डौ | संचालक - प्रतिनिधि, एनएमबि बैंक लि. |
| ४ | दिनेश दुलाल | गौरादह ७, झापा | संचालक - प्रतिनिधि, एनएमबि बैंक लि. |
| ५ | रामगोपाल पराजुली | काठमाण्डौ १०, काठमाण्डौ | संचालक- सर्वसाधारण शेयरधनी |
| ६ | मिम बहादुर हमाल | झिप्रा २, हुम्ला | संचालक- सर्वसाधारण शेयरधनी |
| ७ | अच्युतदत्त पाण्डे | काठमाण्डौ २, काठमाण्डौ | संचालक- व्यावसायिक विशेषज्ञ |

२) संस्थागत संस्थापकहरुको हकमा उक्त संस्थाको सञ्चालहरुको नाम तथा ठेगाना :

**(क) एनएमबि बैंक लिमिटेड**

| क्र.सं | शेयरधनीहरुको नाम | पद | ठेगाना | शेयर संख्या |
|---|---|---|---|---|
| १ | पवन कुमार गोल्याण | अध्यक्ष | बानेश्वर, काठमाडौं | ६७८४७७ |
| २ | कर्मचारी संजयकोष (प्रतिनिधि : राजेन्द्र काफ्ले) | सञ्चालक | पुल्चोक, ललितपुर | ४०५९००५ |
| ३ | मनोज कुमार गोयल | सञ्चालक | भद्रपुर, झापा | ८९४१५ |
| ४ | FMO—Netherland(Representative Mr.NICO PIJL) | सञ्चालक | Netherlands | १३२२९०८ |
| ५ | रोमणी प्रसाद पाठक | सञ्चालक | रुपन्देही | ३८१२३ |
| ६ | हरिशचन्द्र सुवेदी | सञ्चालक | बानेश्वर, काठमाडौं | ११४३ |
| ७ | कमलेश कुमार अग्रवाल | सञ्चालक | पुतलीसडक, काठमाडौं | २२८६ |
| ८ | हरिबाबु न्यौपाने | सञ्चालक | फिकल, इलाम | ५०० |
| ९ | जीवन मान जोशी | विशेषज्ञ सञ्चालक | सानेपा, ललितपुर | |

**९. निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

माइक्रोफाइनान्स वित्तीय संस्थाले हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुलेयस हकप्रद शेयर निष्काशनमा आवेदन दिन सक्नेछन् । सो शेयरधनीहरुको लागि निजहरुको नाममा कायम रहेको शेयरको १: १.२ को अनुपातमा हुन आउने शेयरका लागि दरखास्तसाथ प्रति शेयर रु.१००।– को दरले भुक्तानी माग गर्ने गरी रु.५५,२००,००० ।-शेयर पूँजी बराबर प्रति शेयर रु.१००।– अंकित दरका कुल ५,५२,००० कित्ता शेयरहरुको हकप्रद शेयर निष्काशन गरिएको छ।

**१०. हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

माइक्रोफाइनान्स वित्तीय संस्थाको मिति २०७३/०१/२५ मा बसेको विशेष साधारण सभाबाट पारित निर्णय अनुसार १: १.२ को अनुपातमा (विद्यमान् १० कित्ता शेयर बराबर नयाँ १२ कित्ताको दरले) ५,५२,००० कित्ता हकप्रद शेयर निष्काशन गर्ने सर्वसम्मतिबाट निर्णय गरिएको छ।

**११. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव:**

**क.** माइक्रोफाइनान्स वित्तीय संस्थाको सञ्चालक समितिमा देहाय बमोजिमका व्यक्तिहरु सञ्चालक रहनुभएको छ।

| क्र.सं. | नाम | पद | उमेर (वर्ष) | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री उत्तम भ्लोन | अध्यक्ष | ३३ | नेपाली | मार्खु १, मकवानपुर | ५६,९२५ | एमबिएस | पूर्वाधार निर्माण परियोजना व्यवस्थापन, लघुवित्त, ग्रामिण पर्यटन तथा दिगो हिमाली अर्थतन्त्रका क्षेत्रमा विगत १० वर्षदेखि कार्यरत युवा उद्यमी। |
| २ | श्री गोविन्द घिमिरे | सञ्चालक - प्रतिनिधी, एनएमबि बैंक लि. | ४५ | नेपाली | राजविराज ६, सप्तरी | २,३४,६०० | एमबिएस | २००९ जुनदेखि एनएमबि बैंकमा कार्यरत, हाल विजनेश बैंकिङ्ग तथा रिकोभरी विभाग प्रमुख, १९९५ अक्टुबर देखि २००९ जुन सम्म नेपाल बंगलादेश बैंकमा कनिष्ठ अधिकृत देखि सहायक प्रबन्धक सम्मको पदमा रहि शाखा प्रबन्धक तथा कर्जा जोखिम व्यवस्थापन विभाग प्रमुख भई कार्यरत भएको अनुभव रहेको छ। |
| ३ | श्री महेश बज्राचार्य | सञ्चालक - प्रतिनिधी, एनएमबि बैंक लि. | ५२ | नेपाली | का.म.न.पा. -२७ | | विएस्सि | हाल एनएमबि बैंकमा ट्रेजरी मिडल अफिस, केवाइसी प्रोजेक्ट र अपरेसन रिस्क विभाग प्रमुख, २००९ अगष्टदेखि २०१५ अक्टुबर सम्म क्लिन ईनर्जी डेभलपमेन्ट बैंकमा वरिष्ठ प्रबन्धक, २००६ सेप्टेम्वरदेखि २००९ अगष्टसम्म लक्ष्मी बैंकमा व्यवस्थापक, १९९८ सेप्टेम्वरदेखि २००६ अगष्टसम्म स्टयाण्डर्ड चार्टर्ड बैंकमा अधिकृत तथा प्रबन्धक, १९९० देखि १९९८ सम्म नेपाल ग्रिनलेज बैंकमा सिनियर असिष्टेन्ट, सुपरभाइजर र अधिकृत पदमा कार्यरत भएको अनुभव रहेको छ। |
| ,४ | श्री दिनेश दुलाल | सञ्चालक - प्रतिनिधी, एनएमबि बैंक लि. | ३६ | नेपाली | गौरादह-७, झापा | | एमबिएस/एल एलबि | हाल एनएमबि बैंकमा विपन्न वर्ग कर्जा तथा नविकरणीय उर्जा विभाग प्रमुख, २००८ मार्चदेखि २०१५ अक्टुबर सम्म क्लिन ईनर्जी डेभलपमेन्ट बैंकमा वैकल्पिक ऊर्जा तथा लघुवित्त विभाग प्रमुख, २००६ जुलाईदेखि २००८ मार्चसम्म क्लिन ईनर्जी डेभलपमेण्ट बैंकमा कर्जा नियन्त्रण विभाग प्रमूख, २००१ जुलाईदेखि २००६ जुलाईसम्म बैंक अफ काठमाण्डौमा कर्जा प्रशासन विभागमा कार्यरत भएको अनुभव रहेको छ। |
| ५ | श्री रामगोपाल पराजुली | सञ्चालक | ६१ | नेपाली | काठमाण्डौ १०, काठमाण्डा | १०३ | स्नातक | विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुमा ३२ वर्षको अनुभव |
| ६ | श्री मिम बहादुर हमाल | सञ्चालक | ४१ | नेपाली | भिप्रा २, हुम्ला | ११५ | स्नातकोत्तर | विभिन्न गैर सरकारी संस्थामा करिब १५ वर्षको अनुभव |
| ७ | श्री अच्युतदत्त पाण्डे | विशेषज्ञ सञ्चालक | ६५ | नेपाली | काठमाण्डौ २, काठमाण्डौ | छैन | स्नातकोत्तर | विभिन्न बैंक तथा वित्तीय संस्थामा प्रमुख कार्यकारी अधिकृत लगायत विभिन्न उच्च व्यवस्थापकिय तहमा तथा संचालक समितिमा रहेर ४० वर्ष भन्दा बढिको अनुभव |

**ख. कार्यकारी प्रमुखको विवरण**

| क्र.सं. | नम | पद | ठेगाना | शैक्षिक योग्यता/अनुभव |
|---|---|---|---|---|
| १ | श्री तिर्थरत्न कोनाजो | प्रमुख कार्यकारी अधिकृत | सानेपा, इन्द्रायणी हाइट, वडा नं २, ललितपुर | एम.बि.ए<br>● रुरल माइक्रोफाइनान्स डेभलपमेण्ट सेन्टर लिमिटेडमा प्रवन्धक, वरिष्ठ प्रवन्धक हुँदै सहायक महाप्रबन्धक पदमा रही १७ वर्ष कार्य गरेको<br>● हिमालयन बैंक लिमिटेडमा वरिष्ठ अधिकृत पदमा रही ३.५ वर्ष कार्य गरेको<br>● नेपाल बैंक लिमिटेडमा व्यवस्थापकिय तहमा रही १४.५ वर्ष कार्य गरेको |

**१२. सञ्चालक समितिको बनौट :**

माइक्रोफाइनन्स वित्तीय संस्था बैंकको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक रहेको एक सञ्चालक समितिको व्यवस्था गरिएको छ। सञ्चालक समितिमा सञ्चालक सदस्यहरुको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ।

| | |
|---|---|
| संस्थापक "क" समूहका शेयरधनीहरुबाट | ४ (चार) जना |
| सर्वसाधारण "ख" समूहका शेयरधनीहरुबाट | २ (दुई) जना |
| स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक | १ (एक) जना |

सञ्चालकहरुको कार्यकाल बढिमा ४ (चार) वर्षको हुनेछ।

यस माइक्रोफाइनान्स वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १०( दश) कित्ता शेयर लिएको हुनुपर्नेछ। तर स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन।

**१३. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्तसाथ पठाउनु पर्ने पेश्की रकम :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशन तथा बिक्री गरिने हकप्रद शेयरको लागि आवेदन दिंदा यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १: १.२ को अनुपातमा (विद्यमान १० कित्ता शेयर बराबर नयाँ १२ कित्ता शेयरको दरले) हुन आउने शेयरका लागि आवेदन दिन सक्नेछन्। यसरी आवेदन दिंदा हक वापतको शेयर संख्या खण्डित शेयरमा आएमा सो खण्डित शेयरलाई नजिकको माथिको पूरा शेयरमा परिणत गरी आवेदन दिन सकिनेछ। यसरी खण्डित हकप्रद शेयरलाई माथिल्लो नजिकको पूरा शेयरमा परिणत गरि बाँडफाँड गर्ने सम्बन्धमा हालको शेयर संरचना परिवर्तन नहुने गरी आवश्यक निर्णय कम्पनीको सञ्चालक समितिले गर्नेछ (यदि कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरिद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा बढी शेयरका लागि आवेदन दिएमा सो बढी शेयरलाई बाँडफाँडमा समावेश गरिने छैन। त्यसरी नै कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरिद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै गणना कायम गरिनेछ। दरखास्तसाथ प्रति शेयर रु.१००।– को दरले आवेदन गर्ने साधारण शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट दरखास्तसाथ संलग्न भएको हुनुपर्नेछ (साथै खण्डित शेयरलाई नजिकको माथिको पूरा शेयरमा परिणत गर्दा निष्काशन गरिएको शेयर भन्दा बढी शेयर आवेदन आएमा सो को दर्ता पछि छुट्टै गरिनेछ।

**१४. साविकका शेयरधनीले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका सो शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

शेयरधनीहरुले आफूले प्राप्त गर्ने हकप्रद शेयरको लागि आवेदन नबुझाई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरका लागि आवेदन बुझाई शेयर बाँकी रहेको खण्डमा यसरी बाँकी रहेका शेयरहरु खण्डित शेयरलाई नजिकको माथिको पूरा शेयरमा परिणत गर्न आवश्यक शेयर मिलान गरी बाँडफाँड गरिनेछ। त्यसरी बाँकी बचेका शेयरहरु सञ्चालक समितिले धितोपत्र निष्काशन निर्देशिका, २०६५ मा भएको व्यवस्था बमोजिम अत्यन्त पारदर्शी तरिका (जस्तै लिलाम बढाबढ) द्वारा बिक्री गर्नेछ।

**१५. हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

माइक्रोफाइनान्स वित्तीय संस्थाले यस हकप्रद निष्काशन प्रयोजनका निम्ति आफ्नो शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले शेयर खरिद गर्दा आफ्नो नाममा कायम शेयरको १: १.२ को अनुपातमा (विद्यमान् १० कित्ता शेयर बराबर नयाँ १२ कित्ता) हुन आउने शेयरको लागि आवेदन दिन सक्नेछन् (साथै शेयरधनीहरुले आफूले हकप्रद आधारमा माथि उल्लेखित खरिद/दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन नमिल्ने तर खरिद/दरखास्त गर्न पाउने भन्दा कम शेयर खरिदका लागि दरखास्त दिन चाहेमा सो अनुसार दरखास्त दिन सक्नेछन्।

**१६. संगठित संस्थाको संचालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन  वर्षको र तीन वर्ष व्यतीत भइ नसकेको अवस्थामा संचालन अवधिको वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै प्रक्षेपित प्रति शेयर आम्दानी (EPS), प्रति शेयरनेटवोर्थ, नेटवोर्थमा प्रतिफल र निष्काशनपूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :**

माइक्रोफाइनान्स वित्तीय संस्थाको विगत तीन आर्थिक वर्ष (आ.व.) को वास्तविक तथा आगामी तीन आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम छ

**वासलात**

| पूँजी तथा दायित्व | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित (रु. हजारमा)* | | |
|---|---|---|---|---|---|---|
| | ०७०/७१ | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ |
| शेयर पूँजी | २६,८५० | ४६,००० | ८५,६५२ | ११२,७०० | ११२,७०० | ११२,७०० |
| जगेडा तथा कोषहरु | (६३१) | ३,७९१ | २१,५५० | ७५,९७४ | १४७,८३१ | २३४,६३१ |
| ऋणपत्र तथा बन्ड | - | - | - | - | - | - |
| तिर्न बाँकी कर्जा सापट | १८०,८८४ | ४५०,८३५ | ८६०,५०८ | १,२००,३४९ | १,५२७,७१६ | १,६१६,३७५ |
| निक्षेप दायित्व | ३१,५६५ | ८४,८०६ | १९२,७३५ | ३५८,५४६ | ६५४,७३६ | १,१३४,८७५ |
| प्रस्तावित लाभांश | - | ३१६ | ६०५ | - | - | - |
| आयकर दायित्व | - | - | १२० | - | - | - |
| अन्य दायित्व | १,४९९ | ५,३६७ | १५,७७६ | १९,५४९ | २४,४४४ | २८,१२३ |
| **कूल दायित्व** | २४०,१६६ | ५९१,११५ | १,१७६,९४६ | १,७६७,११७ | २,४६७,४२६ | ३,१२६,७०४ |
| **सम्पत्ति** | **वास्तविक (रु. हजारमा)** | | | **प्रक्षेपित (रु. हजारमा)**** | | |
| | ०७०/७१ | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ |
| नगद मौज्दात (सिक्का समेत) | ९१ | ३०३ | १२३ | १,५२३ | २,४३६ | ३,०३४ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १,४८० | २,७८० | ५,२३० | ८,००० | ११,२०० | १४,०४४ |
| बैंक/वित्तीय संस्थामा रहेमो मौज्दात | ८४० | १,७५२ | २२८,८६४ | १९३,०२८ | २६३,५३१ | २७२,६१४ |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ५१,२९५ | १२१,४७० | - | - | - | - |
| लगानी | - | - | - | २,००० | २,००० | २,००० |
| कर्जा सापट | १७९,७३८ | ४४३,४५९ | ९२७,७४८ | १,५४१,४४४ | २,१५८,०२१ | २,८०५,४२८ |
| स्थिर सम्पत्ति | ५,९१९ | ७,६७४ | ८,७८१ | ९,५६७ | १०,१७५ | १०,२५६ |
| गैर बैंकिङ्ग सम्पत्ति | | - | - | - | - | - |
| अन्य सम्पत्ति | ८०३ | १३,६७८ | ६,२०० | ११,५५५ | २०,०६३ | १९,३२८ |
| **कूल सम्पत्ति** | २४०,१६६ | ५९१,११५ | १,१७६,९४६ | १,७६७,११७ | २,४६७,४२६ | ३,१२६,७०४ |

**नाफा-नोक्सान हिसाब**

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित (रु. हजारमा)* | | |
|---|---|---|---|---|---|---|
| | ०७०/७१ | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ |
| ब्याज आम्दानी | १८,५८४ | ५७,८७३ | १२४,३४७ | १९१,८८४ | २६८,६३८ | ३४९,२३० |
| ब्याज खर्च | ७,९६४ | १९,१४६ | ४१,२७४ | ५७,७९० | ८०,९०६ | १०१,९९२ |
| **खुद ब्याज आम्दानी** | **१०,६२०** | **३८,७२७** | **८३,०७३** | **१३४,०९५** | **१८७,७३२** | **२४७,२३८** |
| कमिशन तथा अन्य सञ्चालन आम्दानी | ३,९०६ | १२,००३ | २४,७४४ | ३९,६०७ | ५५,४५० | ७२,०८५ |
| सटही घटबढ आम्दानी | - | - | - | - | - | - |
| **कूल सञ्चालन आम्दानी** | **१४,५२६** | **५०,७३०** | **१०७,८१७** | **१७३,७०२** | **२४३,१८२** | **३१९,३२३** |
| कर्मचारी खर्च | ६,५५४ | २०,०१० | ३४,२८१ | ६०,३२८ | ८७,४७५ | १२६,८३९ |
| अन्य सञ्चालन खर्च | ५,६३३ | ११,०६७ | १७,१२७ | २७,०२८ | ३६,४८८ | ४९,२५९ |
| सटही घटबढ नोक्सान | - | - | - | - | - | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **२,३४०** | **१९,६५४** | **५६,४०८** | **८६,३४६** | **११९,२१९** | **१४३,२२५** |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | १,८८८ | २,९१० | ९,५४२ | ३,२०२ | ६,९८० | ७,३२९ |
| **सञ्चालन मुनाफा** | **४५१** | **१६,७४४** | **४६,८६६** | **८३,१४४** | **११२,२३९** | **१३५,८९६** |
| गैर सञ्चालन आम्दानी/नोक्सान | ३६ | २१ | १५५ | - | - | - |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | १३ | १४७ | - | - | - | - |
| **नियमित कारोबारबाट भएको मुनाफा** | **५००** | **१६,९१२** | **४७,०२१** | **८३,१४४** | **११२,२३९** | **१३५,८९६** |
| असामान्य कारोबारहरुबाट भएको मुनाफा/खर्च | - | - | - | - | - | - |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | **५००** | **१६,९१२** | **४७,०२१** | **८३,१४४** | **११२,२३९** | **१३५,८९६** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कर्मचारी बोनश व्यवस्था | ४५ | १,५३७ | ४,२७५ | ७,५५९ | १०,२०४ | १२,३५४ |
| **आयकर व्यवस्था** | १४४ | ४,६३६ | १२,८८३ | २१,१६१ | ३०,१७९ | ३६,७४२ |
| क) यस वर्षको कर व्यवस्था | - | ३,९५४ | १३,४१९ | २२,६७६ | ३०,६११ | ३७,०६३ |
| ख) गत वर्षसम्मको कर व्यवस्था | - | - | - | - | - | - |
| ग) स्थगन कर आम्दानी/खर्च | १४४ | ६८२ | (५३६) | (१,५१४) | (४३२) | (३२१) |
| **खुद नाफा/नोक्सान** | ३१० | १०,७३९ | २९,८६४ | ५४,४२४ | ७१,८५७ | ८६,८०० |

**नाफा-नोक्सान बाँडफाँड हिसाब**

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित (रु. हजारमा)* | | |
|---|---|---|---|---|---|---|
| | ०७०/७१ | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ |
| **आम्दानी** | | | | | | |
| गत वर्षसम्मको संचित मुनाफा | - | - | १,५८२ | १२,२२८ | ५३,७०९ | ११०,०४४ |
| यस वर्षको मुनाफा | ३१० | १०,७३९ | २९,८६४ | ५४,४२४ | ७१,८५७ | ८६,८०० |
| सटही घटबढ कोष | - | - | - | - | - | - |
| **जम्मा** | ३१० | १०,७३९ | ३१,४४५ | ६६,६५३ | १२५,५६६ | १९६,८४४ |
| **खर्च** | | | | | | |
| गत वर्षसम्मको संचित नोक्सान | १,३४५ | ९५३ | - | - | - | - |
| यस वर्षको नोक्सान | - | - | - | - | - | - |
| साधारण जगेडाकोष | ६२ | २,१४८ | ५,९७३ | १०,८८५ | १४,३७१ | १७,३६० |
| भैपरी आउने जगेडा | - | - | - | - | - | - |
| संस्था विकास कोष | - | - | - | - | - | - |
| लाभांश समीकरण कोष | - | - | - | - | - | - |
| कर्मचारी सम्बन्धी जगेडाहरु | - | - | - | - | - | - |
| प्रस्तावित लाभांश | - | ३१६ | ६०५ | - | - | - |
| प्रस्तावित बोनस शेयर | - | ६,००० | ११,५०० | - | - | - |
| विशेष जगेडा कोष | - | - | - | - | - | - |
| सटही घटबढ कोष | - | - | - | - | - | - |
| पूँजी फिर्ता जगेडा कोष | - | - | - | - | - | - |
| पूँजी समायोजन कोष | - | - | - | - | - | - |
| स्थगन कर जगेडा कोष | (१४४) | (२५९) | ११४ | १,५१४ | ४३२ | ३२१ |
| ग्राहक संरक्षण कोष | - | - | १,०२५ | ५४४ | ७१९ | ८६८ |
| **जम्मा** | १,२६३ | ९,१५७ | १९,२१७ | १२,९४४ | १५,५२२ | १८,५४९ |
| **सञ्चित मुनाफा/(नोक्सान)** | (९५३) | १,५८२ | १२,२२८ | ५३,७०९ | ११०,०४४ | १७८,२९५ |

**निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS)कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल( Minimum return on increased networth required to maintain pre issue EPS) =42.07%**

माइक्रोफाइनान्स वित्तीय संस्थाको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवोर्थ) देहाय बमोजिम रहेको छ।

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित (रु. हजारमा)* | | |
|---|---|---|---|---|---|---|
| | ०७०/७१ | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ |
| शेयर पूँजी | २६,८५० | ४६,००० | ८५,६५२ | ११२,७०० | ११२,७०० | ११२,७०० |
| जगेडा तथा कोषहरु | (६३१) | ३,७९१ | २१,५५० | ७५,९७४ | १४७,८३१ | २३४,६३१ |
| **जम्मा** | २६,२१९ | ४९,७९१ | १०७,२०२ | १८८,६७४ | २६०,५३१ | ३४७,३३१ |
| अपलेखन हुन बाँकी खर्च | - | - | - | - | - | |
| **कुल नेटवोर्थ** | २६,२१९ | ४९,७९१ | १०७,२०२ | १८८,६७४ | २६०,५३१ | ३४७,३३१ |
| **शेयर संख्या ('००० मा)** | २६८.५ | ४०० | ४६० | १,१२७ | १,१२७ | १,१२७ |
| **प्रति शेयर नेटवोर्थ (रु.)** | ९७.६५ | १०८.२४ | १२५.१६ | १६७.४१ | २३१.१७ | ३०८.१९ |
| **प्रति शेयर आम्दानी (रु.)** | १.१६ | २६.८५ | ६४.९२ | ४८.२९ | ६३.७६ | ७७.०२ |
| **नेटवोर्थमा प्रतिफल (%)** | १.१८ | २१.५७ | २७.८६ | २८.८५ | २७.५८ | २४.९९ |
| **प्रति शेयर चुक्ता पूँजी (रु.)** | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |

* प्रक्षेपित वित्तीय विवरण माइक्रोफाइनान्स वित्तीय संस्थास्वयंले तयार गरेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठिक छ भनी चार्टर्ड एकाउन्टेन्ट फर्म श्रेष्ठ आर. एण्ड एसोसिएट्सको तर्फबाट सिए. रवि कुमार श्रेष्ठले प्रमाणित गर्नुभएको हो ।

**प्रक्षेपित नाफा नोक्सान हिसाब र वासलात तयार गर्दाको आधारहरु :**

| विवरण | प्रक्षेपित(%) | | |
|---|---|---|---|
| | ०७३/७४ | ०७४/७५ | ०७५/७६ |
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | ८६.०३ | ८२.६१ | ७३.३३ |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | ६५.४९ | ४०.०० | ३०.०० |
| ३. नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनबमोजिम कर्जा सापट तथा विल खरीदको निक्षेप दायित्वसँग अनुपात (प्रतिशतमा) | ४३५ | ३३३ | २५० |
| ४. कुल आयमा औषत बृद्धिदर (प्रतिशतमा) | ५४.३१ | ४०.०० | ३०.०० |
| ५. कुल खर्चमा औषत बृद्धिदर (प्रतिशतमा) | ४०.०१ | ४०.०० | २६.०६ |
| ६. संचालन खर्च तथा कुल आम्दानी अनुपात (प्रतिशतमा) | ४१.३४ | ४५.५३ | ४६.१४ |
| ७. खुद मुनाफामा औषत बृद्धिदर (प्रतिशतमा) | ८२.२४ | ३२.०३ | २०.८० |
| ८. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा) | ३.७१ | ३.७१ | ३.७१ |
| ९. कर्जा तथा सापटको औषत ब्याजदर (प्रतिशतमा) | १२.३१ | १२.३१ | १२.३१ |
| १०. आयकर व्यवस्था (प्रतिशतमा) | ३०.०० | ३०.०० | ३०.०० |
| ११. अन्य सञ्चालन खर्चका बृद्धिदर (प्रतिशतमा) | ५७.८१ | ३५.०० | ३५.०० |
| १२. कर्मचारी खर्चमा बृद्धिदर (प्रतिशतमा) | ७५.९८ | ४५.०० | ४५.०० |
| १३.अनिवार्य मौज्दात (CRR) | ०.५१% | ०.५१% | ०.५१% |
| १४.वैधानिक तरलता (SLR) | NA | NA | NA |
| १५. पूँजीकोष पर्याप्तता (CAR) | १२.५४% | १२.४२% | ११.८५% |

**१७. संगठित संस्थाको पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात र नाफा-नोक्सान हिसाबको विवरण :**

**वासलात (आषाढ मसान्त, २०७३)**

| पूँजी तथा दायित्व | (रु. हजारमा) |
|---|---|
| शेयर पूँजी | ८५,६५२.०० |
| जगेडा तथा कोषहरु | २१,५४९.९७ |
| ऋणपत्र तथा बन्ड | ०.०० |
| तिर्न बाँकी कर्जा सापट | ८६०,५०७.९६ |
| निक्षेप दायित्व | १९२,७३४.६४ |
| प्रस्तावित नगद लाभांश | ६०५.२६ |
| आयकर दायित्व | १२०.२२ |
| अन्य दायित्व | १५,७७५.६९ |
| **कुल दायित्व** | **१,१७६,९४५.७४** |
| **सम्पत्ति** | **(रु. हजारमा)** |
| नगद मौज्दात (सिक्का समेत) | १२२.५४ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ५२३०.०० |
| बैंक/वित्तीय संस्थामा रहेमो मौज्दात | २२८,८६३.६७ |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ०.०० |
| लगानी | ०.०० |
| कर्जा सापट | ९२७,७४८.४३ |
| स्थिर सम्पत्ति | ८,७८१.०५ |
| गैर बैंकिङ्ग सम्पत्ति | ०.०० |
| अन्य सम्पत्ति | ६,२००.०६ |
| **कुल सम्पत्ति** | **१,१७६,९४५.७४** |

**नाफा-नोक्सान हिसाब (श्रावण १, २०७२ देखि आषाढ मसान्त, २०७३ सम्म)**

| विवरण | (रु. हजारमा) |
|---|---|
| ब्याज आम्दानी | १२४,३४७.०४ |
| ब्याज खर्च | ४१,२७४.२३ |
| **खुद ब्याज आम्दानी** | **८३,०७२.८१** |
| कमिशन तथा अन्य सञ्चालन आम्दानी | २४,७४४.०२ |
| सटही घटबढ आम्दानी | - |
| **कूल सञ्चालन आम्दानी** | **१०७,८१६.८३** |
| कर्मचारी खर्च | ३४,२८१.४८ |
| अन्य सञ्चालन खर्च | १७,१२७.०३ |
| सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **५६,४०८.३३** |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | ९,५४१.९० |
| **सञ्चालन मुनाफा** | **४६,८६६.४३** |
| गैर सञ्चालन आम्दानी/खर्च | १५४.८९ |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | - |
| **नियमित कारोबारबाट भएको मुनाफा** | ४७,०२१.३१ |
| असामान्य कारोबारहरुबाट भएको आम्दानी/खर्च | - |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | ४७,०२१.३१ |
| कर्मचारी बोनस व्यवस्था | ४,२७४.६६ |
| **आयकर व्यवस्था** | १२,८८२.७४ |
| क) यस वर्षको कर व्यवस्था | १३,४१९.१९ |
| ख) गत वर्षसम्मको कर व्यवस्था | - |
| ग) यस वर्ष स्थगन कर आम्दानी/खर्च | (५३६.४५) |
| **खुद नाफा/नोक्सान** | २९,८६३.९१ |

**नाफा-नोक्सान बाँडफाँड हिसाब (श्रावण १, २०७२ देखि आषाढ मसान्त, २०७३ सम्म)**

| विवरण | (रु. हजारमा) |
|---|---|
| **आम्दानी** | |
| गत वर्षसम्मको संचित मुनाफा | १,५८१.५५ |
| यस वर्षको मुनाफा | २९,८६३.९१ |
| सटही घटबढ कोष | - |
| **जम्मा** | ३१,४४५.४६ |
| **खर्च** | - |
| गत वर्षसम्मको संचित नोक्सान | |
| यस वर्षको नोक्सान | - |
| साधारण जगेडाकोष | ५,९७२.७८ |
| भैपरी आउने जगेडा | - |
| संस्था विकास कोष | - |
| लाभांश समीकरण कोष | - |
| कर्मचारी सम्बन्धी जगेडाहरु | - |
| प्रस्तावित लाभांश | ६०५.२६ |
| प्रस्तावित बोनस शेयर | ११,५००.०० |
| विशेष जगेडा कोष | - |
| सटही घटबढ कोष | - |
| पूँजी फिर्ता जगेडा कोष | - |

| | |
|---|---|
| पूँजी समायोजन कोष | - |
| स्थगन कर जगेडा कोष | ११३.९८ |
| ग्राहक संरक्षण कोष | १,०२४.९५ |
| **जम्मा** | १९,२१६.९८ |
| **सञ्चित मुनाफा/(नोक्सान)** | १२,२२८.४८ |

**१८. आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मिति सम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :**
सो नभएको।

**१९. धितोपत्र निष्काशन खुला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धी नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय संचालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एवं संशोधन गर्नुपर्नेछ र त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नुपर्नेछ :**
धितोपत्र निष्काशन खुला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एवं संशोधन गरी  र सो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्ने छौं।

**२०. संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरु :**

(क) माइक्रोफाइनान्स वित्तीयले प्रदान गरेको कर्जा तथा सापट खराब हुन गएमा स्वभाविक रुपमा हुनसक्ने जोखिमहरु।
(ख) नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु।
(ग) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुनसक्ने जोखिमहरु।
(घ) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु।
(ङ) पुँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु।
(च) देशको राजनैतिक तथा आर्थिक अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु।
(छ) अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु।

माइक्रोफाइनान्स वित्तीय संस्थाको कर्जा तथा सापट र लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि माइक्रोफाइनान्स वित्तीय संस्थाले कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी-नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरुको व्यवस्था गरेको छ। माइक्रोफाइनान्स वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुऱ्याएको छ। यस बाहेकका व्यवसायिक जोखिमहरुबाट श्रृजना हुनसक्ने हानी-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी-नोक्सानी कम गर्न सक्षम तथा प्रतिबद्ध छ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धि जोखिम :**
निष्काशन गरिएको शेयर मूल्य रु. १००/- प्रति शेयरका दरले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

**२१. शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :**

**(क)** माइक्रोफाइनान्स वित्तीय संस्थाले आफ्ना शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आह्वान गरेको शेयर बिक्री बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीलाई  नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको समयभित्र शेयरहरुको बाँडफाँड गरी सो को सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ। यसरी बाँडफाँड भएपश्चात् नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित अवधि भित्र बाँडफाँडमा परेका शेयरधनीहरुलाई हकप्रद शेयरको प्रमाण-पत्र वितरण गरी निष्काशित शेयरहरु नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरिनेछ।

**(ख)** शेयर बाँडफाँड गर्दा यस हकप्रद निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १:१.२ को अनुपातमा (विद्यमान् १० कित्ता शेयर बराबर नयाँ १२ कित्ता) हुन आउने शेयरको लागि आवेदन दिएमा सोहि अनुरुप शेयर बाँडफाँड गरिनेछ।

यसरी आवेदन दिंदा हक वापतको शेयर संख्या खण्डित शेयरमा आएमा सो खण्डित शेयरलाई नजिकको माथिको पूरा शेयरमा परिणत गरी आवेदन दिनसकिनेछ । यसरी खण्डित हकप्रद शेयरलाई माथिल्लो नजिकको पूरा शेयरमा परिणत गरि बाँडफाँड गर्ने सम्बन्धमा हालको शेयर संरचना परिवर्तन नहुने गरी आवश्यक निर्णय बैंकको सञ्चालक समितिले गर्नेछ । यस हकप्रद निष्काशनमा निष्काशित सम्पूर्ण शेयरहरुको लागि आवेदन पर्न नआएमा खण्डित शेयरलाई नजिकको माथिको पूरा शेयरमा परिणत गरी बाँडफाँड गर्ने प्रक्रिया सम्बन्धी निर्णय सम्बन्धित निकायसँग समन्वय गरी प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार गरिनेछ । यस बाहेक कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरिद/दरखास्त गर्न पाउने भन्दा बढी शेयरका लागि दरखास्त दिएमा बढी शेयर बाँडफाँडमा समावेश गरिने छैन भने कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरिद/दरखास्त गर्न पाउने भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै शेयर बाँडफाँड गरिनेछ । शेयरधनीहरुले आफुले प्राप्त गर्ने हकप्रद शेयरको लागि आवेदन नबुझाई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरका लागि आवेदन बुझाई शेयर बाँकी रहेको खण्डमा यसरी बाँकी बचेका शेयरहरुको बारे धितोपत्र निष्काशन निर्देशिका, २०६५ नियममा भएको व्यवस्था बमोजिम हुनेछ ।

**२२. संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने समय र स्थान :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न सकिने छ।

(क) माइक्रोफाइनान्स वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय कास्की जिल्ला, पोखरा नगरपालिका वडा नं. २९, मिलन चोक तथा शाखा कार्यालयबाट ।

(ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक - लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयां बानेश्वर, काठमाडौं स्थित कार्यालयबाट ।

**२३. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

माइक्रोफाइनान्स वित्तीय संस्थाले आफ्ना शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आह्वान गरेको हकप्रद शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र शेयरको बाँडफाँड पश्चात् बोर्डको निर्देशन बमोजिम निर्धारित अवधि भित्र बाँडफाँडमा परेका शेयरधनीहरुलाई हकप्रद शेयरको प्रमाण-पत्र वितरण गरी निष्काशित शेयरहरु नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, काठमाडौंमा सूचीकरण गराई खरिद बिक्रीको व्यवस्था मिलाइने छ।

**२४. संगठित संस्थाको कारोबारमा असर पार्ने कुनै विवाद/मुद्दा भए सो को विवरण :**

सो नभएको

**२५. हकप्रद शेयर खरिद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

(क) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरिदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १: १.२ sf] cg'kftdf (विद्यमान् १० कित्ता शेयर बराबर नयाँ १२ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।

(ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा संस्थाद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हितग्राही खाता नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर (हरु), आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ।

(ग) दरखास्त फारम नेपाली तथा अंग्रेजी दुवै भाषामा पूर्णरुपले भर्नुपर्नेछ।

(घ) दरखास्तसाथ प्रति शेयर रु.१००।– को दरले आफूले हकप्रद आधारमा माथि २५(क) मा उल्लेख भए अनुसार खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ। भौचर वा बैंक ड्राफ्ट मार्फत रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनु पर्नेछ।

(ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।

(च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ। यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन।

(छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन।

(ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि कम्पनीको संचालक समितिको निर्णय नै अन्तिम हुनेछ।

(झ) प्रमाण–पत्र बुझ्न आउँदा शेयरधनीले दरखास्त फारमको अर्धकट्टीको साथै आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचय-पत्रको सक्कल प्रति अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। नाबालकको हकमा दरखास्त फारमको अर्धकट्टीको साथै संरक्षकको आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचय-पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ। शेयरधनीले अन्य व्यक्ति मार्फत् आफ्नो शेयरको प्रमाणपत्र प्राप्त गर्न चाहेमा मन्जुरीनामा, दरखास्त फारमको अर्धकट्टी, शेयरधनीको नागरिकता प्रमाणपत्रको सक्कल प्रतिको साथै मन्जुरीनामा प्राप्त गर्ने व्यक्तिको कुनै आधिकारिक परिचय पत्रको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

## २६. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु

एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको प्रबन्धपत्र, नियमावलीमा सो सम्बन्धी व्यवस्था नभएको।

## २७. वित्तीय संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम तथा ठेगाना :

### २७.१ लेखापरिक्षक तथा कम्पनी सचिवको नामनामेसी :

आ.व.२०७२/७३ को आम्दानी-खर्च हिसाबको लेखापरीक्षण जी.बि. एण्ड कम्पनी, चार्टड एकाउन्टेन्ट्स कम्पनीका चार्टर्ड एकाउण्टेण्ट श्री ज्ञानेन्द्र बहादुर भारीले गर्नुभएको छ।

वडा नं १, लेखफाँट, पर्वत निवासी स्नातकोत्तर तथा एलएलबिको शैक्षिक योग्यता हासिल गर्नुभएका श्री विष्णु प्रसाद शर्मा यस माइक्रोफाइनान्स वित्तीय संस्थाको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ।

### २७.२ वित्तीय विवरण (वासलात, नाफा-नोक्सान खाता र नाफा-नोक्सान बाँडफाँड हिसाब) प्रक्षेपण गर्ने विशेषज्ञको नाम तथा ठेगाना :

यस वित्तीय विवरण तयार पार्ने व्यवसायिक संस्थामा माइक्रोफाइनान्स वित्तीय संस्था स्वयं रहेको छ। प्रक्षेपित वित्तीय विवरणहरु शेयरधनीहरुमा बिक्री खुल्ला गरिएको हकप्रद शेयरहरु माइक्रोफाइनान्स वित्तीय संस्थाले आर्जन गरेको मुनाफा तथा माइक्रोफाइनान्स वित्तीय संस्थाको शेयरको हालको बजार मूल्य सो शेयरको अङ्कित मूल्य भन्दा बढी रहेको कारण पूर्ण रुपले बिक्री हुने पृष्ठभूमिमा गरिएको हो। कुनै कारणबस शेयरहरु पूर्णरुपमा बिक्री नभएमा संकलित पूँजीको आधारमा प्रचलित कानून अनुसार कर्जा तथा लगानीमा वित्तीय स्रोत परिचालन हुनेछ।

**२७.३ वित्तीय प्रक्षेपण (वासलात, नाफा-नोक्सान खाता र नाफा-नोक्सान बाँडफाँड हिसाब) को अनुमानको आधार तथा तरिका पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञको नाम तथा ठेगाना :**

यस विवरणमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, माइक्रोफाइनान्स वित्तीय संस्थाको हालको दक्षता र माइक्रोफाइनान्स वित्तीय संस्थाले प्राप्त गरेको हाल सम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने चार्टड एकाउन्टेन्ट फर्म श्रेष्ठ आर एण्ड एसोसिएट्सको तर्फबाट सिए रवि कुमार श्रेष्ठ रहनु भएको छ।

**२७.४ यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञको नाम तथा ठेगाना :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक - लक्ष्मी क्यापिटल मार्केट लिमिटेड,नयां बानेश्वर, काठमाडौं रहेको छ ।

**२७.५ यस हकप्रद शेयर निष्काशन गर्ने निष्काशन तथा बिक्री प्रवन्धकको नाम तथा ठेगाना :**

यस हकप्रद शेयर निष्काशन कार्यको लागि व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक - लक्ष्मी क्यापिटल मार्केट लिमिटेड,नयां बानेश्वर, काठमाडौं रहेको छ ।

**२८. हकप्रद शेयर जारी गर्नुको उद्देश्य**

(क) प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पर्ने पुँजी जुटाउन।

(ख) नेपाल राष्ट्र बैंकले निर्देशन दिए अनुरुप माइक्रोफाइनान्स वित्तीय संस्थाको भविष्यमा पूँजी कोष अपर्याप्त हुने देखिएकोले समयमा नै हकप्रद शेयर जारी गर्नु पर्ने।

(ग) बढ्दो प्रतिस्पर्धाको सामना गर्न माइक्रोफाइनान्स वित्तीय संस्थालाई सक्षम बनाई कारोबार बृद्धि गर्न तथा ग्राहकहरुको संस्था प्रतिको विश्वसनियता लाई बृद्धि गर्न।

(घ) माइक्रोफाइनान्स वित्तीय संस्थाको व्यवसाय विस्तारको लागि आवश्यक पूँजीको व्यवस्था गर्न।

**२९. निष्काशनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण**

माइक्रोफाइनान्स वित्तीय संस्थाले हकप्रद शेयरबाट प्राप्त रकम शाखा कार्यालय विस्तारका लागि प्रयोग गर्ने र तल उल्लेख गरे बमोजिम खर्च गर्ने योजना छ :

१. शाखा कार्यालयहरु विस्तार रु. ५०,००,०००/-

२. स्थिर सम्पत्ति खरीदरु.५०,००,०००/-

३. विभिन्न प्रकृतिका (सेवा, व्यापार, कृषि, पशुपालन आदि) कर्जा तथा सापटी प्रदान गर्न रु. ४,५२,००,०००/-

**३०. हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा पैंतिस दिनका लागि खुल्ला राखिनेछ। सो समयावधिभित्र सम्पूर्ण हकप्रद शेयरका लागि आवेदन नपरेमा नेपाल धितोपत्र बोर्डको प्रचलित निर्देशिकाको अधीनमा रही आवेदन खुल्ला भएको मितिले बढीमा साठ्ठी दिन सम्मका लागि खुल्ला राख्न सकिनेछ।

**३१. हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त वा हेर्न सक्ने स्थानहरु :**

क) एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड, मिलन चोक, पोखरा तथा सम्पूर्ण शाखा कार्यालयहरु

ख) लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयां बानेश्वर, काठमाडौं

ग) उपरोक्त स्थानहरुको अलावा निष्काशन तथा बिक्री प्रबन्धक लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयां बानेश्वर, काठमाडौंद्वारा अन्य माध्यममार्फत सूचित गरिने सङ्कलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त वित्तीय संस्थाहरुमा हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु प्राप्त गर्न वा हेर्न सक्ने, आवेदन फारम पाउने, बुझाउने र रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । उक्त उल्लेखित स्थानहरु बाहेक अन्य स्थानबाट आवेदन दिन चाहनेहरुले धितोपत्र निष्काशन बन्द हुनु भन्दा अघिको मितिमा लक्ष्मी क्यापिटल मार्केट लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी (A/C Payee) ड्राफ्टसाथ धितोपत्रको लागि आवेदन सिधै हुलाक वा कुरियरद्वारा लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयां बानेश्वर, काठमाडौंमा पठाउन सकिने छ । हकप्रद शेयर बिक्री बन्द भएको ७ दिन पछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिनेछैन ।

**३२. निष्काशन बैंक (Bankers to the Issue) को नाम तथा ठेगाना :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक (Bankers to the Issue) को रुपमा लक्ष्मी बैंक लिमिटेड, हात्तिसार, काठमाडौं लाई तोकिएको छ। यस माइक्रोफाइनान्स वित्तीय संस्थाको सर्वसाधारण शेयरधनीहरुका लागि हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्लाको सूचना प्रकाशन गरिने मितिभन्दा तीन दिन अगाडि नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई अन्य वाणिज्य बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ।

**३३. आफ्नो व्यवसायसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

माइक्रोफाइनान्स वित्तीय संस्थाले आफूले गर्ने व्यवसायसँग सम्बन्धित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, प्रचलित नियम, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको बारेको उद्घोषण माइक्रोफाइनान्स वित्तीय संस्थाको रहेको छ। यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो।

**३४. पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोबारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

माइक्रोफाइनान्स वित्तीय संस्थाले सर्वसाधारणमा निष्काशन गरेको शेयर आ.व. २०७२/७३ मा मात्र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण भएको हुँदा विगत एक वर्षको शेयर कारोवारको विवरण निम्नानुसार रहेकोछ।

| माइक्रोफाइनान्स वित्तीय संस्थाको विगत तीन आर्थिक वर्षको वार्षिक शेयर कारोवारको विवरण | | | | |
|---|---|---|---|---|
| आर्थिक वर्ष | अधिकतम शेयर मूल्य (रु) | न्यूनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोवार संख्या |
| २०७२/२०७३ | ४२२० | ३२५ | ४१०० | १५,००२ |
| **माइक्रोफाइनान्स वित्तीय संस्थाको विगत तीन महिनाको शेयर कारोवारको विवरण** | | | | |
| श्रावण २०७३ | ४४५६ | ३३३३ | ४०४५ | ९,३१३ |
| भदौ २०७३ | ४६९२ | ३९५० | ४६०१ | ५४२४ |
| असोज २०७३ | ४६०० | ४०५१ | ४१३६ | ६६३९ |

**नोटः** माइक्रोफाइनान्स वित्तीय संस्थाको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लि. ले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत प्राप्त गर्न सकिने। यस माइक्रोफाइनान्स वित्तीय संस्थाको शेयर कारोबार आ.व. २०७२/७३ देखि मात्र शुरु भएको हो।

**३५. क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः**

बोर्डबाट क्रेडिट रेटिङ्गसम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्था इक्रा नेपाल (ICRA Nepal) ले यस माइक्रोफाइनान्स वित्तीय संस्थाद्वारा जारी गर्न लागेको हकप्रद शेयर निष्काशनलाई इक्रा नेपाल लिमिटेडले औषत आधारहरु (Fundamentals) जनाउने "ICRANP IPO GRADE 4" प्रदान गरेको छ। [ICRANP] IPO GRADE 4 ले below average fundamentals जनाउदँछ। ग्रेड २,३,४ मा प्रयोग गरिने +(plus) चिन्हले त्यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउदँछ।

क. यस विवरण मार्फत निष्काशित गरिने हकप्रद शेयर प्राप्त गर्ने डिम्याट खाता भएका शेयरधनीहरुलाई निजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने व्यवस्था गरिनेछ साथै बोर्डमा दर्ता भएको धितोपत्र सिडिएसमा समेत दर्ता गरिनेछ।

ख. धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्वीकृत भएको " हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था विवरणहरु " लगानीकर्ताले सहज रुपमा हेर्न सक्नेछन् र लगानीकर्ताहरुलाई सुचित निर्णय (informed decision) मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धक तथा निष्काशनकर्ता कम्पनी प्रत्येकको आफ्नो वेभसाइटमा धितोपत्र बिक्री बन्द नभएसम्म राखिनेछ।

ग. बोर्डबाट स्वीकृत भएको " हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु " सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (soft copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराउने छौं।

**३६. यस "हकप्रद निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत**

| क.सं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री उत्तम भ्लोन | अध्यक्ष | |
| २. | श्री गोविन्द घिमिरे | सञ्चालक-प्रतिनिधि, एनएमबि बैंक | |
| ३. | श्री महेश बज्राचार्य | सञ्चालक-प्रतिनिधि, एनएमबि बैंक | |
| ४. | श्री दिनेश दुलाल | सञ्चालक-प्रतिनिधि, एनएमबि बैंक | |
| ५. | श्री रामगोपाल पराजुली | सञ्चालक-सर्वसाधारण शेयरधनी | |
| ६ | मिम बहादुर हमाल | सञ्चालक-सर्वसाधारण शेयरधनी | |
| ७ | अच्युतदत्त पाण्डे | विशेषज्ञ सञ्चालक | |

**अनुसूची–१**

**Auditor's Statement for FY.2072/73**